AMNESTY INTERNATIONAL NEPAL SECTION
Amnesty Marga, Basantanagar
P. O. Box 135, Balaju, Kathmandu, Nepal
T: +977 1 4364706 or 4365431 Fax: +977 1 4354987
E: info@amnestynepal.org W: www.amnesetynepal.org

**मिडियाका लागि संक्षिप्त जानकारी**

**एम्नेस्टी इन्टरनेसनल नेपालको सत्ताइसौं वार्षिक साधारण सभा चितवनको रत्ननगरमा आयोजना गरिँदै**

चितवन, ५ असोज -

एम्नेस्टी इन्टरनेसनल नेपाल (एम्नेस्टी नेपाल) ले मिति २०७५ असोज ६ देखि ८ मा चितवनको रत्ननगर टाँडीमा २७ औं वार्षक साधारण सभा आयोजना गर्दैछ । यस साधारण सभाले एम्नेस्टी नेपालको नयाँ कार्यकारी बोर्डको निर्वाचन गर्नेछ जसमा तीन जना महिला र दुई जना युवा प्रतिनिधिहरू पनि समावेश हुनेछन् । भाद्र ३० मा नवलपुरको गैंडाकोटमा सम्पन्न एम्नेस्टी नेपाल आबद्ध युथ नेटवर्कका प्रतिनिधिहरूको भेलाले बिपिन बुढाथोकी र समिक्षा कोइरालालाई युवा बोर्ड सदस्यका रूपमा निर्वाचित गरीसकेको छ ।

एम्नेस्टी नेपालको चितवनमा हुँने यस वर्षको भेलाले "यदी हामीले हाम्रो वातावरणलाई संरक्षण गरेनौं भने हामी हाम्रो मानवअधिकारको संरक्षण गर्न पनि विफल हुँनेछौं" भन्ने संयुक्त राष्ट्रसङ्घका पूर्व महासचिव बान कि-मुनको भनाइलाई प्रतिध्वनित गर्दै वातावरण संरक्षणका लागि सचेत र मानवीय प्रयाशहरूद्वारा सजिव तुल्याएको स्वच्छ र स्वस्थ पर्यावरण तथा सामाजिक र वातावरणीय न्यायका लागि वृहत्तर प्रतिबद्धताको एउटा परिदृष्यलाई प्रस्तुत गरेको छ ।

यस चितवन जिल्लाको प्रचुर पर्यावरणीय विशेषताहरू र कतिपय अवस्थामा मानवअधिकारसम्बन्धी चासोहरूसमेत देखिने गरी स्थानीय / आदिवासी समुदायले प्राकृतिक श्रोतहरूमा पहुँच प्राप्त गर्ने क्रममा सामना गर्नुपरेको सङ्घर्ष र चुनौतीहरूले एम्नेस्टी नेपालको यस वर्षको वार्षिक साधारण सभा चितवनमा आयोजना गर्न रणनीतिक विकल्प बनेको हो ।

विश्वव्यापी रूपमा विकसित भइरहेको "खुम्चँदो नागरिक र राजनीतिक स्पेस (shrinking civil and political spaces)" को कारण श्रृजना भइरहेको नागरिक स्वतन्त्रता र आधारभूत अधिकारमा आएको सङ्कुचन साधारण सभामा छलफल हुने विषयवस्तुहरूमध्ये एक हुनेछ । पूर्णसत्रले नेपालमा द्वन्द्वकालीन मानवअधिकार उल्लङ्घनका घटनाहरू लगायत अन्य अपराधका घटनाहरूमा झ्याङ्गिदै गएको दण्डहीनताको संस्कृति, महिला हिंसा अन्त्यका लागि प्रभावकारी कदम चाल्न तथा नेपालका आप्रवासी श्रमिक लगायतका सीमान्तकृत समुदायहरूको मानवअधिकार सुनिश्चित गर्न राज्य विफल भएको विषयमा पनि समीक्षा गर्नेछ ।

असोज ६ गते होटल स्टार ब्याङ्केट टाँडीमा आयोजना हुने यस साधारण सभाको उद्घाटन सत्रका प्रमुख अतिथि पूर्व प्रधानन्यायाधीश कल्याण श्रेष्ठ हुनुहुनेछ । चितवन जिल्लाका स्थानीय सरकारका प्रमुख तथा प्रतिनिधिहरू, नागरिक समाजका प्रतिनिधिहरू, सञ्चारकर्मीहरू, राजनीतिक दलका प्रतिनिधिहरू लगायत अन्य अतिथिहरूको पनि सो उद्घाटन सत्रमा उपस्थिति हुनेछ ।उद्घाटन सत्रपछि कैदमा राखिएका बङ्गलादेशका फोटो पत्रकार शहिदुल आलम र म्यान्मारका पत्रकारद्वय क्या सो ओ र वा लोनको रिहाइ तथा गत साल हत्या गरिएकी भारतकी पत्रकार गौरी लङ्केशका लागि न्यायको माग गर्दै एक सार्वजनिक कार्यक्रम पनि हुनेछ ।

त्यसैगरी एम्नेस्टी नेपालमा आबद्ध रामपुर युथ नेटवर्कका सदस्यहरूले असोज ७ गते साँझ सौराहचोकमा महिला हिंसा र महिला हिंसासम्बन्धी घटनाहरूमा व्याप्त दण्डहीनता अन्त्यका लागि माग गर्दै एक सार्वजनिक प्रश्तुति गर्नेछन् । एम्नेस्टी नेपालका ७० समूहका १४० प्रतिनिधिहरू, निर्माणाधिन समूह र युथ नेटवर्कका पर्यवेक्षकहरू, बोर्ड पदाधिकारीहरू, सल्लाकारहरू, पूर्व पदाधिकारी तथा निर्देशकहरू, र कर्मचारी गरी १८० जनाले एम्नेस्टी नेपालको बन्द सत्रको पूर्णसत्रमा सहभागिता जनाउनेछन् ।